सन्धिखर्क नगरपालिकाको कार्यालय अर्घाखाँचीको

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit)कार्यक्रमको

प्रतिवेदन

२०७३

पेश गरिएको

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सन्धिखर्क नगरपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची

पेश गर्ने

## ग्रामिण सामुदायिक विकास समुह
## अर्घाखाँची

# विषयसुची


१ पृष्ठभूमि ........ २

२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्धेश्य ........ २

३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधि ........ ३

४ अध्ययन विधि ........ ३

५ अध्ययनको सिमा ........ ४

६ सुचना अंकको नमुना माकुरी जालको चित्र प्रदर्श कार्यक्रमको विवरण ........ ४

अनुसूचिहरु ........ ६

६.१ विभिन्न जारि सुचना एवं पत्रहरु र आमभेलाको आचार सहिंता ........ १९

६.२ आमभेला कार्यक्रममा प्रयोग भएका फारमहरु ........ २१

६.३ लैङ्गिक परिक्षण कार्यक्रमका विभिन्न भेलाहरुको उपस्थिति ........ २३

६.४ आमभेलाका केहि झलकहरु ........ २४

## १. पृष्ठभुमि

विकेन्द्रित प्रकृया अनुरुप स्थानीय निकाय स्तरको योजना र कार्यक्रम तर्जुमाका सवै चरणमा लैङ्गिक समता र समानता एंव मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुको साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन् । लैङ्गिक समताकायम गर्न स्थानीय स्वायत शासन ऐन २०५५ को दफा ४३,११ र १९५ अनुसार स्थानीय निकायले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र वार्षिक योजना गर्दा महिला र वालवालिकाका लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने व्यवस्था छ । यसका लागि स्थानीय निकायको कार्यक्षेत्र भित्र वसोवास गर्ने महिला, पुरुष, आदिवासी जनजाती, दलित एंव पछाडि पारिएका वर्गको आवश्यतालाई विश्लेषण गरी स्थानीय निकायले लैङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्दै लैजानुपर्ने हुन्छ । साथै लैङ्गिक स्थितिको पहिचान एवं विश्लेषण गरी लैङ्गिक उत्तरदायी विकासलाई संस्थागत गरी स्थानीय निकायको काम कारवाहीमा गुणत्मक परिवर्तन ल्याउने विश्वासका साथ यो लैङ्गिक परिक्षण सम्पन्न गरिएको हो । संगै यो लैङ्गिक परीक्षण वाट स्थानीय निकायको आवधिक र वार्षिक योजनाहरुमा लैङ्गिक मूलप्रवाहीकरण गरी महिला र पुरुष समविकासको क्षेत्रमा दिगो र सकरात्मक परिवर्तन ल्याउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । स्थानीय निकायका कार्यक्रमहरुको विस्तृत विश्लेषण र समीक्षा गरी आगामी वर्षहरुको लागि महिला सशक्तीकरण र लैङ्गिकसमानाताको क्षेत्रमा अवलम्वन गर्नुपर्ने नीति तथा कार्यक्रम र सो अनुरुपको वजेट व्यास्था गरी प्रभावकारी रुपमा कार्यान्यिन गर्न मद्दत पुर्‍याउने छ । यो उद्धेश्यलाई प्राप्त गर्न पूर्व तैयारी भेटघाट समन्वय सम्पर्क, योजना व्यवस्थापन समिति तथा उपभोक्ता समिति संग अन्तरक्रिया, सूचना तथा जानकारी संकलन विभिन्न तहमा लक्षित समुह मार्फत सेवा लिइ फर्केका सेवा ग्राहीहरु संग अन्तरक्रिया, सुचनाको विश्लेषण तथा आमभेला जस्ता प्रक्रिया अपनाउदै सेवा प्राप्त गर्ने मध्य गरिव, महिला र वञ्चितिमा परेका समुदायको संख्या र सेवाको नियमितता, कार्यकम सेवा प्रदान गर्ने लक्ष्य, प्रगती र जानकारी तथा अघिल्लो आ.व. संगको तुलनात्मक अवस्था, नगरपालिकाका विभिन्न समितिहरुको वैठकको नियमितता र वञ्चितिमा परेका व्यक्तिहरुको उपस्थिति तथा वैठकमा भएका महत्वपूर्ण निर्णयहरु, जनचेतना प्रवाह, गुनासो सुन्ने परिपाटीको व्यवस्था, लैङ्गिक संवेदनशिलता तथा सेवाको गुणस्तर सुधारको लागि विभिन्न निकायहरुवाट भएका प्रयासहरु जस्ता विषयमा केन्द्रित रही आम समुदायवाट प्राप्त नतिजाहरुलाई अङ्क पत्रको सहयोगले विश्लेषण गर्दै प्रतिवेदन तयार गरी प्रतिवेदन आम जनागरिक तथा सरोकारवाला सवै वीचमा सार्वजनिकीकरण गर्न आम भेलाको तयारी तथा सञ्चालन गरी सुधारको लागी कार्ययोजना निर्माण गर्दै लैङ्गिक परिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो ।

## २. लैङ्गिक परीक्षणको उद्धेश्य

स्थानीय निकायको र यसका सवै साझेदार संस्थाहरुको निति र कार्यक्रमहरुमा लैङ्गिक मुलप्रवाहीकरण गरी समता मूलक विकास एव्म प्रवद्धन गरी संस्थागत गर्नु लैङ्गिक वजेट परिक्षणको मुख्य उद्देश्य रहेको छ । लैङ्गिक वजेट परीक्षणका विशिष्ट उद्देश्यहरु देहाय वमोजिम रहेका छन् ।

- स्थानीय निकायको आवधिक र वार्षिक योजनामा लैङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्ने ।
- लैङ्गिक समावेशीकरणको लक्ष्यलाई स्थानीय निकायको संरचना र कार्य योजनामा स्थान दिने ।
- स्थानिय निकायको श्रोत परिचालन, वजेट विनियोजन तथा खर्चलाइ लैङ्गिक दृश्टिले अनुगमन तथा मूल्याङ्कन गर्ने ।

- लैङ्गिक मूलप्रवाहीकरणका प्रतिवद्धताहरुलाई लैङ्गिक वजेट परीक्षण द्वारा अनुगमन तथा मूल्याङ्कन गरी सहस्राव्दी विकासका लक्ष्यहरुलाई टेवा सुर्याउने ।
- लैङ्गिक उत्तरदायी सुशासन व्यवस्थालाई संस्थागत गर्ने ।

## ३. लैङ्गिक परीक्षणको अवधि

सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँचीले आर्थिक वर्ष २०७२/०७३ मा संचालन गरेका विभिन्न कार्यक्रम तथा गतिविधिहरुको सम्वन्धमा मिति २०७३ असार १ गते देखि २० गते सम्म लैङ्गिक परीक्षण कार्यक्रम कार्य सम्पन्न गरिएको छ ।

## ४. अध्ययन विधि

सन्धिखर्क नगरपालिका कार्यालयको लैङ्गिक परीक्षण कार्य गर्दा निम्नानुसारका अध्ययन विधी तथा प्रकृयाहरु अपनाईएको थियो ।

**क. सन्दर्भ सामग्री अध्ययन र समिक्षा :-**

लैङ्गिक परीक्षणको सिलसिलामा सन्दर्भ सामग्रीको रुपमा स्थानीय निकाय सम्वन्धि ऐन, नियम, कार्यविधिहरु र निर्देशिकाहरु, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उदेश्य, आवधिक तथा वार्षिक योजना (वडा कार्यालयहरुको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, नागरीक वडापत्र, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण/सुनुवाइका प्रतिवेदनहरु, बार्षिक तथा चौमासिक प्रतिवेदनहरु तथा अन्य आवश्यक सामग्रीहरुको अध्ययन पश्चात स्थानीय निकयले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा समिक्षा र विश्लेषण गरिएको थियो ।

**ख. अन्तरवार्ता र प्रशनावलिको प्रयोग :-**

सामाजिक कार्यसमपादनको क्रममा सामाजिक जिममेवारी वहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनिहरुको कार्यान्वयनको अवस्था र भावि कार्यदिशाका वारेमा लैङ्गिक परिक्षण सुचकहरुका आधारमा स्थानीय निकायका पदाधिकारीहरु, शाखा प्रमुख, आयोजना प्रमुख, वडा कार्यालय प्रमुखहरु संग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिईएको थियो ।

ग. अंकन विधि :-

स्थानिय निकायको नीतिमा लैङ्गिक विकास, लैङ्गिक उत्तरदायी कार्यक्रम आन्तरीक संरचना र मनाव संसाधन सम्वन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरु गरी प्रमुख चार वाट शिर्षकहरु भित्र ५/५ वाट उप शिर्षकहरु राखि ति उप-शिर्षकलाई प्रस्ट वनाउनका लागि प्रत्येक उप शिर्षकमा २ देखि ५ वटा प्रश्नहरु राखि तिनै प्रश्नहरुको आधारमा स्थानीय निकायका पदाधिकारीहरु र कर्मचारीहरु संग छलफल गरि अंक प्रदान गरिएको थियो ।

घ. **सुचनाको बिश्लेषण** सम्वन्धित पदाधिकारी, कर्मचारी र सरोकारवालाहरु विच माकुरी जालको चित्र वनाइ सहभागिहरु माझ उक्त नमूना चित्र प्रर्दशन गरीएको थियो, सो चित्रले देखाएका राम्रा पक्षहरुलाइ निरनतरता दिदै आगमि दिनमा स्थानीय निकायलाइ एक आर्दश निकायको रुपमा

स्थापित गर्न कमजोरिहरु हटाउन आवश्यकताहरुको पहिचान गरि लैङ्गिक विकासका लागि एकिकृत कार्य योजना वनाउने विषयमा छलफल गरिएको थियो ।

## ५. अध्ययनको सिमा

सन्धिखर्क नगरपालिकाको कार्यालयको लैङ्गिक परीक्षण गर्ने क्रममा यसले निर्धारण गरेका मुख्य मुख्य क्षेत्रहरुको अध्ययन विश्लेषण गर्दा अपनाईको सिमाहरु निम्नलिखित छन् ।

### ५.१ सूचना संकलन

सन्धिखर्क नगरपालिकाको कार्यालयको सम्पूर्ण अवस्थाको अध्ययन विश्लेषणका लागि नगरपालिका र वडा कार्यालयका सेवाग्राही तथा समुदायवाट निम्न अनुसारको परिधि भित्ररहि सुचना तथा जानकारी संकलन गरिएको थियो । जसमा :-

- समय र श्रोतको कमीको कारण वडामा रहेका सवै कार्यक्रमहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणे पूर्णरुपमा तुलनात्मक विस्तृत अध्ययन हुन नसकेको,
- अध्ययन संग सम्वन्धित तथ्यांकको सम्वन्धित कार्यालयमा उपलब्धतामा कमी,
- वडा कार्यालयहरुको वर्गिकृत रुपमा विस्तृत अध्ययन हुन नसकेको,
- यो अध्ययन विशेषत अर्घाखांचीका स्थानीय निकाय सन्धिखर्क नगरपालिकाको कार्यालय र वडा कार्यालयहरु तथा विषयगत कार्यालय संग सम्वन्धित छ ।
- व्यवस्थापन र उपभोक्ता समिति तथा कर्मचारी सँगको अन्तरक्रिया,
- कर्मचारीहरुको वानी व्यावहार र वोलीचाली, नागरिकको गुनासो सुन्ने परिपाटीको व्यवस्था र मानविय स्रोत व्यावस्थापन

## ६. सूचना /अंकको नमुना माकुरी जालको चित्र प्रदर्श कार्यक्रमको विवरण

| मिति | स्थान | समय | सहभागि सख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| २०७३/०३/२९ | स.न.पा.को कार्यालय | ११ वजे देखि २ वजे सम्म | १४ | १३ | २७ | |

क.) **सहजकर्ता :-** लैङ्गिक परीक्षक : वावुराम पौडेल

ख) **लैङ्गिक परीक्षणको विषय :-** स्थानीय निकाय सन्धिखर्क नगरपालिकाको लैङ्गिक परिक्षण

ग ) **कार्यक्रमको सक्षिप्त जानकारी :-**

- आसन ग्रहण,
- परिचय,
- आमभेलामा आचार सहिंता प्रस्तुत,
- लैङ्गिक परीक्षकवाट तयार गरीएको प्रतिवेदन प्रस्तुति,
- छलफल र सुझाव संकलन,
- सरोकारवाला निकायबाट प्रतिक्रिया,

- प्रमुख अतिथि र अतिथिहरुबाट मन्तव्य व्यक्त,
- सभाध्यक्ष कार्यकारी अधिकृतबाट सुझाव मन्तव्य सहित कार्यक्रम समापन ।

घ) **सहभागिबाट आएका सवालहरु :-**

**स्थानीय निकाय सन्धिखर्क नगरपालिका प्रती**

## १. समूदायबाट आएको विषय :-

**सबल पक्षहरु :-**

१. नगर विकास योजना छनोटको आधार तथा सुचकहरुमा निम्न कुरालाई आधार मानिएको,

- समता मूलक समाजको स्थापनाका लागि समाजमा रहेका दलीत, गरिव, उपेक्षित, उतपिडित, अपाङ्ग एव्म अल्पसंङ्ख्यक समुदायको उत्थान गर्नु अति आवश्यक छ ।
- जेष्ठ नागरिक, महिला तथा वालवालिकाको सम्वन्धमा पनि कार्यक्रम संचालन गर्नु पर्ने हुन्छ । सचेतना, सशक्तिकरण, सीप विकास एव्म अन्य आयआर्जनका कार्यक्रमहरु सँगसँगैवालवालिका र सामाजिक सुरक्षाका कार्यक्रमहरको लागि कार्यविधि निर्देशिकाले तोकेको रकम अनिवार्य रुपले प्रवाह गर्ने गरि कार्यक्रम गरिने ।
- मानव वेचविखन तथा महिला हिंसा विरुद्धका कार्यक्रमहरु संचालन गर्ने ।

२. योजना छनोटमा आधार लिएका सूचकहरु गरिवि नियुनिकरणमा योगदान २० प्रतिशत र लाभामवित वर्ग मध्ये लक्षित वर्गको १० प्रतिशत

३. नगरपालिका विकास योजना संचालन तथा व्यवस्थापन लैङ्गिक तथा सामाजिक समावेसि समुदाय लाभाम्वीत हुने गरि संचालन गरिएको ।

४. चालु आ.व. मा लक्षित वर्गको कार्यकमलाई सामाजिक परिचालन सँग आवद्ध गरि सम्वन्धित लक्षित वर्गका समुदाय स्तरका समूहको माध्यम वाट संचालनको व्यवस्था मिलाउने तेस्रो नगर परिषद वाट निणय भएको ।

५. सन्धिखर्क नगर पालिकाले गर्ने गरेको लैङ्गिक परिक्षण प्रति सकरात्मक धारणको विकास भएको ।

**सुधार गर्नु पर्ने पक्षहरु :-**

- वडाहरुमा योजना तर्जुमा प्रक्रियामा तथा आवश्यकता पहिचान गर्दा लक्षितवर्गको सहभागिता प्रतिनिधीमूलक मात्र रहेको र लक्षित वर्गलाई विशेष प्राथमिकता दिएर वजेट विनियोजन भन्दा पनि निर्देशिकाले तोकेकोले वाध्यात्मक अवस्थामा मात्र विनियोजन भएको उक्त बजेट कार्यान्वयनको स्थिती पनि सिमित व्याक्तीको पहुंचमा मात्र रहेको छ ।
- कार्यालयमा जम्मा १५ जाना कर्मचारी मध्ये १ जना मात्र महिला कर्मचारी रहेको, नगरपालीकाको कर्मचारी सयन्त्र भित्र नै महिला कर्मचारीको अति न्यून उपस्थिति रहेकोले महिला सेवाग्राहिमा अप्ठयारो सृजना भएको ।
- लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था नभएको ।
- कार्यालयमा हुनसकने महिला हिंसा नियन्त्रणका लागि आचार संहिता निमार्ण गरि लागु गर्नु पर्ने ।
- स्थानिय निकायको क्षमता विकास योजना कार्ययोजना तयार गर्ने निणय भएता पनि सो निणय लागु नभएको ।
- महिला र पुरुषका लागि छुटा छुटै शैचालय वनाउनु पर्ने ।
- योजना तर्जूमा गर्दा महिला तथा पुरुष एव्म लक्षित समूहहरुको छुटा छुटै अवस्था विश्लेषण गरि सो अनुसारको कार्यक्रम तय गनुपर्ने ।

- समुदायले लक्षित केन्द्रित कार्यक्रमको लागी स्पष्ट योजना नै निर्माण गर्न सकेको छैन, योजना तर्जुमा प्रक्रियामा लक्षितवर्गको सहभागिता यथोचित हुन सकिरहेको छैन यसलाई व्यवस्थित गर्न संयन्त्र हुनुपर्‍यो । वडालेले आवधिक योजना निर्माण गरी योजना कार्यन्वयन गराउदा उपयुक्त हुने देखिन्छ ।
- उल्लेखित कुराहरुमा सुधार गर्नु पर्ने देखिन्छ ।

ङ) **लैङ्गिक परिक्षण गर्दाका समस्याहरु :-**

- सवै वडा कार्यालयहरुको एकै पटक अध्ययन परीक्षण गर्न कठीनाइ,
- सिमीत स्रोत र साधनले अध्ययन परीक्षणमा समस्या,
- स्थानीय तहका सवै आम समुदाय सँग छलफल प्रकृया पुऱ्याउन नसकिएको,
- नगरपालिका र वडामा आवश्यक तथ्यांक व्यवस्थित नगरिएकोले तथ्यांक प्राप्तिमा समस्या ।

च) **मुख्य सिकाईहरु :-**

- लक्षित समुदायको धारणा प्राप्त गर्न लक्षित समुदायको पहुँच भएको स्थानमै छलफल कार्यक्रम संचालन गर्नुपर्ने,
- स्थानीय तहमा उपलब्ध अभिलेखहरुको पुर्ण अध्ययन पश्चात छलफल कार्यक्रमलाइ संचालन गर्नुपर्ने,
- सरोकारवालाहरु सँगको छलफल फलदायी वनाउन स्थानीय संचारको माध्यमलाइ उपयोग गर्नुपर्ने ।

**अनुसूचि १**

७. **स्थानीय निकायको नाम : सन्धिखर्क नगरपालिकाको कार्यालय, अर्घाखाँची**

१. **स्थानिय निकायको परिचय**

सन्धिखर्क नगरपालिका लुम्विनी अन्चलमा पर्ने मध्य पहाडि जिल्ला अर्घाखाँचीको सदरमुकाम हो । यसको कुल क्षेत्रफल १२७ वर्ग कि.मि. रहेको छ । २०६८ को जनगणना अनुसार यहाको कुल जनसख्या ४०४२२ र घरधुरी १०४२९ रहेका छन् । प्रशासनिक एवं राजनैतिक विभाजनमा अर्घाखाँचीका २ निर्वाचन क्षेत्र भित्रका साविकका सन्धिखर्क, वाङ्गला, नरपानी, खाँचीकोट, किमडाँडा, अर्घा र डिभर्ना गरि ७ वटा गा.वि.स.हरु मिलेर वनेको नगरपालिका १५ वटा वडाहरु रहेका छन् ।

- ०-५ वर्ष मुनिका वालवालिकाहरुका संख्या ३६९२
- ५-१० वर्षका केटा केटि ४९१२
- १०-१५ वर्षका किशोर-किशोरि ५२६२
- १५-२४ वर्षका युवा-युवती ८२२७
- २४-४९ वषृका महिला पुरुष ११४०९
- ४९-६० वर्षका काम गर्ने उमेरका महिला पुरुष ३२१८
- ६०-७५ वर्ष वा सो भन्दा माथिका काम गर्न सकने महिला पुरुष ३०५९
- ७५ वर्ष वा सो भन्दा माथिका आश्रित वृद्ध-वृद्धा ८९२
- अपाङ्गता भएका वालवालीका केटा-केटि, काम गर्ने उमेरका महिला पुरुष र आश्रित वृद्ध-वृद्धा २९१०

- दलित क) महिला-पुरुष ख) वालक-वालिका
- जनजाति क) महिला-पुरुष ख) वालक-वालिका
- अन्य क) महिला-पुरुष ख) वालक-वालिका
- महिला घरमुली संख्या
- आगमन र वहिर्गमन गर्ने जनसंख्या क) आन्तिरिक ख) अन्तराष्ट्रिय

## अनुसूची २

१. क्षेत्रगत लैङ्गिक खण्डीकृत तथ्याङ्क

| सुचना | क्षेत्र |
|---|---|
| **स्वास्थ्य** | |
| परिवार नियोजनका साधनको प्रयोग दर | ३० |
| परिवार नियोजनका साधनको प्रयोगकर्ता लैङ्गिक अनुपात | |
| तालिम प्राप्त सुडेनिको रेखदेखमा वच्चा पाउने गर्भ वतीको अनुपात | २७ |
| स्वास्थ्य सस्थामा वच्चा पाउनेको अनुपात | २४ |
| ३ वर्ष मुनिका कम तौल हुने वच्चाको अनुपात | २३ |
| शिशु वाल र मातृ मृत्युदर | |
| एचआईभि एडस सङ्क्रमण स्थिति | २१ |
| स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी व्यवस्थापन समितिका सदस्यको लैङ्गिक अनुपात | ६६:३३ |
| **शिक्षा** | |
| साक्षेरता दर महिला, पुरुष | ९६ म., ९९ पु. |
| विद्यालय भर्नादर वालक, वालिका | |
| खुद भर्नादर वालक, वालिका | ९६ |
| विद्यालय तह पूरा गर्ने दर वालक, वालिका | ४८ |
| कक्षा ५ सम्म विद्यालयमा रहने दर छात्र/छात्रा | |
| विद्यालय व्यवस्थापन समितिका सदस्यको लैङ्गिक अनुपात | |
| प्रावि, निमावि, मावि र उच्च माविका शिक्षकको लैङ्गिक अनुपात | ३८.७१ : ६१.२ |
| **खानेपानी तथा सरसफाई** | |
| शुद्ध खानेपानी पाएको जनसंख्याको अनुपात | ४६ |
| खानेपानी उ.स. सदस्यको लैङ्गिक अनुपात | ३३ |
| शुद्ध खानेपानी पाएको वर्ग दलित, जनजाति वा अन्य | ४५ |
| खानेपानी तथा सरसफाइ सम्वन्धि तालिमा भागलिने महिला सदस्यको लैङ्गिक अनुपात | ३३ |
| पानी वोकने र सरसफाई सम्वन्धि काममा संग्लन परिवारका सदस्यको लैङ्गिक अनुपात | म. ८५, पु. १५ |
| ग्रामीण पूर्वधार योजनामा निर्माण गर्ने र कार्यन्यन गर्ने सदस्यको लैङ्गिक अनुपात | ३३ |

| | |
|---|---|
| **कृषि** | |
| कृषि प्रसार तालिम, भ्रमण तथा अन्य कृषि विकास कार्यक्रमका सहभागिहरुको लैङ्गिक अनुपात | ३३ |
| महिला कृषक सूहको अनुपात | ६१ |
| कृषि समूहका सदस्यहरुको लैङ्गिक अनुपात | ५४ |
| **घरेलु, लघु तथा साना उद्यम** | |
| सीप विकास तालीका सहभागिहरुको लैङ्गिक अनुपात | ७९ |
| उद्यमी विकास तालिमका सहभागिहरुको लैङ्गिक अनुपात | ७९ |
| महिला उद्यमीको स्वामित्व वा साझेदारा दर्ता भएका घरेलु, लघु तथा साना उद्यम | ७९ |
| चालु रहेका घरेलु, लघु तथा साना उदम मध्ये महिला स्वात्वि वा साझेदारीका उद्यमको अनुपात | ७९ |
| जिल्ला घरेलु तथा साना उद्योग संघको कार्यकारी समितिका सदस्यको लैङ्गिक अनुपात | ४० |
| **प्राकृतिक स्रोत व्यवस्थापन** | |
| वन व्यवस्थापन तालिमका सहभागिहरुको लैङ्गिक अनुपात | ५० |
| जलाधार व्यवस्थापन तालिमका सहभागिहरुको लैङ्गिक अनुपात | ४० |
| महिला वन उपभोक्ता समितिका सदस्यहरुको लैङ्गिक अनुपात | ५० |
| वन उपभोक्ता समिति सदस्यको लैङ्गिक अनुपात | ५० |
| ज्लाधार व्यवस्थापन कार्यकम अर्न्तगाका विभिन्न समूहका सदस्यको लैङ्गिक अनुपात | ४० |
| गाउ विकास कार्यक्र अर्न्तगतका विभिन्न कार्यक्रमका विभिन्न समूह सदस्यको लैङ्गिक अनुपात | |
| कृषि भूमि स्वात्विमा लैङ्गिक अनुपात | |
| **स्वायत्त शासन** | |
| स्यानिय निकायमा कुल निर्वाचित मध्ये लैङ्गिक अनुपात | |
| स्यानिय निकाय परिषद सदस्यको लैङ्गिक अनुपात | |
| स्यानिय निकायका कार्यकारीणी समिति सदस्यको लैङ्गिक अनुपात | |
| स्यानिय निकाय सभापति र उपसभापतिको लैङ्गिक अनुपात | |
| स्यानिय निकायका कर्मचारी तथा सल्लाहकारको लैङ्गिक अनुपात | |
| **रोजगार:** | |
| **सूचक उत्पादनशील कार्यमा महिला:** | |
| **कृषिमा संलग्नता:** | कृषि पेशामा महिला संग्लनता अनुपात ३१ |
| **उद्योगमा संग्लनता** | उद्योगमा संलग्नता भएका महिला र पुरुष अनुपात म. २२, पु ११५ |
| **अनौपचारीक कार्यमा संलग्नता** | |
| **व्यवसाय आदिमा संलग्नता** | व्यपारमासंलग्नता महिला पुरुषको अनुपात १८ प्रतिशत |

| | |
|---|---|
| **शैक्षिक क्षेत्रामा संलग्नता** | |
| **प्रशासनिक क्षेत्रमा संलग्नता** | |
| **नेकरी** | जिल्ला तथा न.पा.भित्र सरकारी तथा गै.स.स.मा कर्मचारी लैङ्गिक अनुपात |
| **व्यपार** | |
| राजनीतिमा महिला सहभागिता | |
| **वडा स्तरमा**<br>**गाविस स्तरमा**<br>**जि.वि.स. स्तरमा**<br>**न.पा. स्तरमा** | |
| **राष्ट्रिय स्तरमा जिल्ला, न.पा. वाट संसदमा** | महिला १ जना, पुरुष २ जना |
| **सामुदायिक भूमीका** | |
| स्थानिय निकायको अनौपचारीक वैठकमा योजना तर्जुमा गर्ने प्रतिनिधिको लैङ्गिक अनुपात | ३५ |
| उपभोक्ता समितिमा लैङ्गिक अनुपात | ३३ |
| राजनितिक दल तथा तिनका भातृ संस्थामा लैङ्गिक अनुपात | २१ |
| **घरेलु र सामाजिक उत्पीडनको स्थिति** | |
| महिला र पुरुषमा समान ज्यालाको स्थिति | ३००:५०० |
| महिला विरुद्ध हुने भेदभाव सम्वन्धि कुरीती र परम्पराको चित्रण जस्तै<br>वाल विवाहको प्रतिशत ५<br>वहु विवाह प्रतिशत ०.०८<br>छाउपडि प्रथा प्रतिशत ००<br>वेचविखन अवस्था ००<br>कूल हिंसाका घटनामा महिला हिंसाको अनुपात ७५:२५ | |
| **अन्य** | |
| महिला वालवालिकाको जन्म, विवाह र मृत्यु | ८२:५५:२५ |
| पुनः स्थापित भएका महिला र पुरुषको संख्या | २ |
| पुनः स्थापित गर्ने संस्थाहरु स्थानिय निकाय | ० |
| विभिन्न सेवा सुविधाहरुमा पहुच, सहभागिता र श्रोत साधन माथिको नियन्त्रण सम्वन्धी विवरण । | १२ |

# अनुसुची ३

## १. सरोकार क्षेत्र अनुसार लैङ्गिक मूलप्रवाहीकरण बजेट विनियोजन फारम

| बाह्रवटा सरोकारका क्षेत्रहरु | कार्यक्रमको नाम | लक्षित | | स्थान | बजेट | सरोकारवाला |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | |
| महिला र गरिवि | | | | | | |
| महिला शिक्षा र तालिम | | | | | | |
| महिला र स्वास्थ्य | | | | | | |
| महिला विरुद्धको हिंसा | महिला हिंसा विरुद्धको वहस कार्यक्रम | | | स.न. पा. १ | ५०,०००।- | स्थानिय सवै रेडियोहरु |
| महिला र सशस्त्र संघर्स | | | | | | |
| महिला र अर्थतन्त्र | अगार्निक कृषि उत्पादन टोल विकास कार्यक्रम | | | स.न.पा.सवै वाडहरुमा | ५०,०००।- | स.न.पा. सवै वाड |
| महिला विकासका लागि संस्थागत संरचना | | | | | | |
| शक्ति संरचना र निर्णयक तहमा महिला | | | | | | |
| महिला र मानव अधिकार | | | | | | |
| महिला र संचार | किशोरि पत्रकारिता तालीम | | | स.न.पा. १ | ५०,०००।- | नेपाल पत्रकार महा संघ |
| महिला र वातावरण | एक व्यक्ति एक विरुवा कार्यक्रम | | | स.न.पा. १ | २०,०००।- | स.न.पा. वाड नं.१ |
| वालिका | | | | | | |
| अन्य कार्यक्रमहरु | | | | | | |
| महिला विरुद्ध हिंसा घटाउने कार्यक्रम | महिलाका लागि मनोपरार्मष कार्यक्रम | | | स.न.पा. १ | ४५,०००।- | स.न.पा. |
| सहस्राव्दी विकासका लक्ष्यहरु प्राप्ति गर्ने कार्यक्रमहरु | | | | | | |
| प्रत्येक वर्ष मार्च ८ गते महिला दिवस मनाउने कार्यक्रमहरु | | | | | | |

अनुसुची ४

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी लेखाजोखा विधि

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण

**(Gender Responsive and Social inclusive Audit )**

नोट: ० = शुन्य, ०.५ = ठिक्कै, १ = राम्रो,

| क्र.स. | सूचक र उप सुचक हरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | १२ | ७.५ |
| १.१ | **स्थानीय निकायको नीति र योजनामा लैङ्गिक तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा)** | ४ | ३.५ |
| क | स्थानीय निकायको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ /छैन ? | ०–१ | ०.५ |
| ख | स्थानीय निकायको उद्देश्यले महिला र पुरुषवीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरुलाई समेटेको छ /छैन? | ०–१ | १ |
| ग | महिला र पुरुषवीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ /छैन? | ०–१ | १ |
| घ | महिला र पुरुषवीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति छ /छैन? | ०–१ | १ |
| १.२ | **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | ४ | २ |
| क | स्थानीय निकायका पदाधिकारी र कर्मचारीको पदपूर्ति गर्दा सवै जातजाति, वर्ग र समुदायका बिच सामाजिक समावेशीकरण हुने गरी कर्मचारी र पदाधिकारीको प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ /छैन ? | ०–१ | १ |
| ख | स्थानीय निकायमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ /छैन(लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति) | ०–१ | ० |
| ग | स्थानीय निकायको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समान ( ५० र ५०) प्रतिनिधित्व रहेको छ /छैन | ०–१ | ०.५ |
| घ | महिला तथा पुरुष कर्मचारीहरुको संख्यामा समानता छ /छैन । (स्थानीय निकायले नियुक्ति गर्नेको हकमा मात्र लागु हुने ) | ०–१ | ०.५ |
| १.३ | **लैङ्गिक संवेदनशील कार्य प्रणाली** | ४ | २ |
| क | महिला कर्मचारीहरुको गर्भावस्था र बच्चालाई स्तनपानसम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ /छैन (गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नगरपालिका गरे/नगरेको ) | ०–१ | १ |
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ /छैन | ०–१ | ०.५ |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ /छैन | ०–१ | ० |
| घ | महिला माथी हिंसा भएमा तत्काल सुनुवाइ को व्यवस्था छ /छैन | ०–१ | ०.५ |
| २. | **स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यकमको मूलप्रवाहीकरण** | १२ | ५.५ |
| २.१ | **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | ४ | २ |
| क | स्थानीय निकायका पदाधिकारी/कर्मचारीहरुले लैङ्गिक तथा समावेशी विकास सम्वन्धी तालिम लिएका छन् वा छैनन् | ०–१ | ०.५ |
| ख | तालिम/अनुशिक्षण/गोष्ठी संचालन गर्न गत वर्ष पर्याप्त रकमको व्यवस्था थियो वा थिएन(पर्याप्त रकम भन्नाले सवै पदाधिकारी/कर्मचारी देखि गा.वि.स.का सचिव र सामाजिक परिचालकहरुसम्मलाई तालिम दिन आवश्यक पर्ने रकम) | ०–१ | ०.५ |
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गरेको थियो वा थिएन | ०–१ | ०.५ |
| घ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्वेदनशील भाषाको प्रयोग र | ०–१ | ०.५ |

| | | | |
|---|---|---|---|
| | महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ ? | | |
| २.२ | **क्षमता विकास** **कार्यक्रममा महिला पुरुष सहभागिता** | ४ | २.५ |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरुको सहभागिता छ ? | ०–१ | १ |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरुलाई तालिमको व्यवस्था छ ? | ०–१ | ०.५ |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागी गराईन्छ ? (गाविस स्तरसम्म) | ०–१ | ०.५ |
| घ | महिला तथा लक्षित समुहका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) छन् ? सो अनुसारको बजेट विनियोजन गरिएको छ ? | ०–१ | ०.५ |
| २.३ | **स्थानीय निकायको क्षमता विकास कार्ययोजना** | ४ | १ |
| क. | स्थानीय निकायको क्षमता विकास कार्ययोजना तयार गरेको छ ? | ०–१ | ०.५ |
| ख. | के स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुको क्षमता विकासको व्यवस्था गरेको छ ? | ०–१ | ० |
| ग. | के स्थानीय निकायका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरेको छ ? | ०–१ | ०.५ |
| घ | उक्त परिक्षण पश्चात  लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटका व्यवस्था  गरेको छ? | ०–१ | ० |
| ३: | **लक्षित कार्यक्रम** | १२ | ९.५ |
| ३.१ | **कार्यकम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता :** | ४ | ३.५ |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्यांक संकलन गर्ने गरेको छ ? (महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायतनेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवम् समुदायका महिला र पुरुष) | ०–१ | १ |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरुसंग बसेर समस्या केलाउने (विश्लेषण गर्ने गरिन्छ ? विपन्ता स्तरीकरण भएको छ ? (दुवै भए (१) र एक मात्र भएमा (०.५) चिन्ह दिने । ) | ०–१ | ०.५ |
| ग | के स्थानीय निकायको योजना लक्षित समूहहरुले तयार गरेको कार्यकममा आधारित हुन्छ ? | ०–१ | १ |
| घ | के स्थानीय निकायको योजनामालक्षित समूहहरुको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक वञ्चितिकरणमा परेको वर्ग) विनियोजन गरी उनीहरुको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको छ ? | ०–१ | १ |
| ३.२ | **महिला उत्थानका लागि कार्यकमहरु** | ४ | २.५ |
| क | महिलाहरुको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यकमहरु संचालित भएका छन् ? ( जस्तो:सुत्केरी हुंदाको अवस्था सुधार गर्न, किशोरीहरुको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरु राख्ने) | ०–१ | ०.५ |
| ख | महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यकमहरु संचालित भएका छन् ? ( जस्तो: अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) | ०–१ | १ |

| | | | |
|---|---|---|---|
| ग | महिलाहरुको लागि कानूनी शिक्षा सम्वन्धी कार्यक्रमहरु संचालित भएका छन् ? ( जस्तो: कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचबिखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | ०–१ | ०.५ |
| घ | महिलाहरुको लागि कानूनी शिक्षा सम्वन्धी कार्यक्रमहरु संचालिनबाट लाभान्वित भएको छन् ? (जस्तो: कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचबिखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | ०–१ | ०.५ |
| **३.३** | **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरु** | ४ | ३.५ |
| क | स्थानीय निकायको योजना तर्जुमा गर्दा लक्षित समुहहरुको सक्रिय सहभागितामा तय गर्ने गरेको छ | ०–१ | १ |
| ख | स्थानीय निकायको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने गरिएको छ ? | ०–१ | ०.५ |
| ग | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण , जनसंख्या शिक्षा र जनस्वास्थ सम्वन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्न गराउने गरिएको छ ? | ०–१ | १ |
| घ | स्थानीय निकायको योजना कार्यान्वयनबाट लक्षित समुहहरु लाभान्वित भएका छन ? | ०–१ | १ |
| ४ | **लैङ्गिक तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन** | १२ | ६.५ |
| **४.१** | **योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | १.५ |
| क. | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? के स्थानीय निकायले खण्डीकृत तथ्यांङ्को समय समयमा अध्यावधिक गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ख. | के योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरु को छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ ? | ०–१ | ० |
| ग. | के स्थानीय निकायले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अवलम्वन गरी कार्ययोजना तयार पार्ने गरिन्छ ? | ०–१ | ०.५ |
| घ. | के गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलापहरु सम्पन्न भए ? | ०–१ | ०.५ |
| **४.२** | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | ३.५ |
| क. | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरुको सक्रिय सहभागितमा गर्ने गरिएको छ ? | ०–१ | १ |
| ख. | के कार्यक्रम तथा परियोजना कार्यान्वयन बाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | ०–१ | ०.५ |
| ग. | उपभोक्ता समितिलेगर्ने कार्यहरुमा महिला तथा लक्षित समुहको सहभागिता छ ? साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहेको छ ? लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरुको समेत प्रतिनिधित्व रहेको छ ? | ०–१ | १ |
| घ. | के स्थानीय निकायले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ ? | ०–१ | १ |
| ४.३ | **अनुगमन र मूल्याङ्कन** | ४ | १ |

| | | | |
|---|---|---|---|
| क | के स्थानीय निकायको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ ? | ०–१ | ०.५ |
| ख | के स्थानीय निकायमा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०–१ | ० |
| ग | के स्थानीय निकायमा लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ ? | ०–१ | ०.५ |
| घ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | ०.५ |
| **५** | **आन्तरिक संरचना** | **१२** | ७ |
| **५.१** | **स्थानीय निकायमा महिला तथा लक्षित समुहको सहभागिता** | **४** | २.५ |
| क | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका बमोजिम महिला सहभागिता छ ? | ०–१ | १ |
| ख | दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका बमोजिम महिला सहभागिता छ ? | ०–१ | १ |
| ग | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरु, लक्षित समुहहरुको कार्यक्रम तजुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | ०.५ |
| घ | के नगरपालीकामा महिला समन्वय समिति गठन भई नगरपालीकामा महिलाहरुको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | ० |
| **५.२** | **वित्त तथा लेखा व्यवस्थापन** | **४** | १.५ |
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | ०–१ | ० |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरुको विकासको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०–१ | ०.५ |
| ग | लैङ्गिक डेस्कको विकासको लागि बजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०–१ | ० |
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०–१ | १ |
| **५.३** | **स्थानीय निकायमा गठित समिति** | **४** | ३ |
| क | के नगरपालीकामा अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | ०–१ | ०.५ |
| ख | नगरपालीकामा स्रोत अनुमान समिति, टोल विकास समिति, एकीकृत योजना तर्जुमा समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरुमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०–१ | १ |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति, बाल क्लब पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी स्थानीय निकायको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०–१ | १ |
| घ | स्थानीय निकायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरुबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिएको छ ? | ०–१ | ०.५ |
| **६** | **सुशासन** | **१२** | १० |
| **६.१** | **पारदर्शिता/ जफावदेहिता** | **४** | ३.५ |
| क | के स्थानीय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | ०–१ | १ |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम | ०–१ | १ |

| | | | |
|---|---|---|---|
| | तथा बजेट सार्वजनिक हुने गरेको छ ? | | |
| ग | के स्थानीय निकायको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ | ०–१ | १ |
| घ | के स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाईसेवा सुविधाहरु छिटो छरिता ढंगबाट दिने गरेको छ ? | ०–१ | ०.५ |
| ६.२ | **सूचना व्यवस्थापन** | ४ | ३.५ |
| क | के स्थानीय निकायले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि नगर विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ख | के स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | ०–१ | १ |
| ग | के स्थानीय निकायले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक अध्यावधिक गर्ने गरेका छन् ? | ०–१ | १ |
| घ | के स्थानीय निकायमा खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गरिएको छ ? | ०–१ | १ |
| ६.३ | **सूचना शिक्षा र संचार** | ४ | ३ |
| क | के स्थानीय निकायले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ? | ०–१ | १ |
| ख | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा वृद्धि भएको छ ? | ०–१ | ०.५ |
| ग | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरुको स्थानीय निकायको विकास कार्यहरुमा सहभागिता वृद्धि भएको छ ? | ०–१ | ०.५ |
| घ | के स्थानीय निकायले स्थानीय पत्रकारहरुद्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ ? | ०–१ | १ |
| ७ | **मानव संसाधन, सम्बन्ध विस्तार** | १२ | २ |
| ७.१ | **मानव संसाधन व्यवस्थापन** | ४ | ०.५ |
| क | स्थानीय निकायमा लैङ्गिक तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? | ०–१ | ०.५ |
| ख | स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र र इकाई छ ? | ०–१ | ० |
| ग | स्थानीय निकायले बैदेशिक रोजगारीमा जाने महिलाहरुको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयवन गर्ने गरका छन ? | ०–१ | ० |
| घ | श्रोत व्यक्ति (महिला, पुरुष) हरुको सुचीकृत अभिलेख छ ? | ०–१ | ० |
| ७.२ | **संबन्ध विस्तार** | ४ | १ |
| क | लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुवीच कार्यगत संयन्त्र (संजाल) बनेको छ ? | ०–१ | ० |
| ख | लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ? | ०–१ | ०.५ |
| ग | लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुवीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरुलाईलैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरेको छ ? | ०–१ | ० |
| घ | स्थानीय निकायका कर्मचारीहरुले आन्तरिक र वाह्रय श्रोत व्यक्तिहरुसंग मिलेर | ०–१ | ०.५ |

| | | | |
|---|---|---|---|
| | लैङ्गिक तथा सामाजिक प्रभाव संम्वन्धी अध्ययन गर्ने गरेका छन् ? | | |
| ७.३ | **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | ४ | ०.५ |
| क | योजना तर्जुमा गर्दा महिलाहरुको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | ०–१ | ०.५ |
| ख | ग्रमीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ ? | ०–१ | ० |
| ग | लैङ्गिक मूलप्रवाहीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको छ ? | ०–१ | ० |
| घ | महिलाहरुको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | ०–१ | ० |
| ८ | **नेपाल सरकारका लैङ्गिक तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | १२ | ४.५ |
| ८.१ | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन** | ४ | १ |
| क | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | ०–१ | ०.५ |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ? | ०–१ | ०.५ |
| ग | महिला विकासका लागि भएका वेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरुका बारेमा स्थानीय निकायका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? | ०–१ | ० |
| घ | महिला विकासका लागि भएका वेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गने गरेको छ ? | ०–१ | ० |
| ८.२ | ***महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मूल पार्ने*** | ४ | १.५ |
| क | महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? | ०–१ | ० |
| ख | लैङ्गिक हिंसा रहित जिल्ला/ नगरपालिका / गाविस घोषणा गरेको छ ? | ०–१ | ० |
| ग | १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु स्थानीय निकायहरुले संचालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरुलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ ? | ०–१ | ०.५ |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ? | ०–१ | १ |
| ८.३ | **नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन** | ४ | २ |
| क | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारी महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयैमा सम्पन्न गरेको छ ? | ०–१ | ०.५ |
| ख | के स्थानीय निकायबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरु संचालन गर्ने गरको छ ? | ०–१ | ०.५ |
| ग | के स्थानीय निकायबाट आदिवासी जनजातीहरुको विकासको लागि कार्यक्रमहरु यी वर्गहरुको सहभागितामा संचालन गर्ने गरको छ ? | ०–१ | १ |
| घ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजनार संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय निकायको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन गरेको छ ? | ०–१ | ० |

अंक प्राप्त

| क.स. | सूचक र उप सुचक हरु | | प्राप्ताङ्क अंक | कूल अंक |
|---|---|---|---|---|
| १ | १.१, १.२, १.३ | | ३.५+२.०+२.० = ७.५ | ७.५ |
| २ | २.१, २.२, २.३ | | २.०+२.५+१.० = ५.५ | ५.५ |
| ३ | ३.१, ३.२, ३.३ | | ३.५+२.५+३.५ = ९.५ | ९.५ |
| ४ | ४.१, ४.२, ४.३ | | १.५+३.५+१.५ = ६.५ | ६.५ |
| ५ | ५.१, ५.२, ५.३ | | २.५+१.५+३.० = ४.५ | ७.० |
| ६ | ६.१, ६.२, ६.३ | | ३.५+३.५+३.० = १०.० | १०.० |
| ७ | ७.१, ७.२, ७.३ | | ०.५+१.०+०.५ = २.० | २.० |
| ८ | ८.१,८.२, ८.३ | | १.०+१.५+२.० = ४.५ | ४.५ |
| | जम्मा | | | ५२.५ |

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणपरीक्षकको नाम : वावुराम पौडेल

दस्तखत :

मिति : २०८२।०२।२४

संस्था : ग्रामिण सामूदायिक विकास समूह नेपाल(RCDG) अर्घाखाँची

# आमभेलाको आचार सहिंता

# आम भेलामा पालना गर्नुपर्ने आचारसहिंता

यो सार्वजनिक बहस कार्यक्रमलाई मर्यादित र प्रभावकारी बनाउनको लागि हामी सम्पूर्ण सहभागीहरु निम्नलिखित आचार सहिंताको पालन गर्न प्रतिवद्ध छौ ।

१. यस स्थानीय निकाय सन्धिखर्क नगरपालिका वा वडा कार्यालयमा सेवा प्रदान प्रक्रिया र त्यसको कार्यान्वयन तथा लैङ्गिक सहभागितामा मात्र केन्द्रित रही जिज्ञासा राख्नु पर्दछ ।

२. सहभागिले बोल्नको लागि हात उठाएर संकेत गर्नुपर्ने छ ।

३. कार्यक्रम संचालकले बोल्न संकेत गरेपछी मात्र आफ्नो नाम सहित प्रश्न, जिज्ञासा वा सुझाव के राख्ने हो स्पष्ट पारी आफ्नो भनाइ राख्नु पर्ने छ ।

४. आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन पाइने छैन ।

५. सबै सहभागीहरुलाई प्रश्न गर्ने समय मिलाउनु पर्ने भएकोले संचालक ले निर्धारण गरेको समय सीमा भित्र बोल्नु पर्ने छ ।

६. कुनै कुरामा चित्त नबुझेमा संचालकको अनुमती लिएर थप प्रश्न राख्न पाइने छ ।

७. नीजि वा व्यक्तिगत कुरामा टिप्पणी तथा व्यक्तिगत आक्षेप लगाउन पाइने छैन ।

८. आम भेलाका वक्ता तथा सहभागीलाई उत्तेजित पार्न बदलाको भावनाबाट भनाई राख्न पाइने छैन ।

९. सहभागीहरुले विना आधार कसैप्रति लान्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

१०. आम भेलालाई विषयान्तर हुनबाट बचाउन सबै सहभागीले सहयोग गर्नुपर्ने छ ।

११. आम भेलालाई कतैबाट विथोल्ने प्रयास भएमा सहभागी सबै मिलेर सालिनतापूर्वक समाधान खोज्न पहल गर्न सबैको दायित्व हुनेछ ।

१२. आम भेलामा उठेका सवालहरु व्यक्तिगत आरोपका रुपमा नभई सुधारको लागि सुझावको रुपमा लिइनुपर्ने छ ।

१३. सहभागिहरुले मौखिक रुपमा मात्र नभई लिखित रुपमा पनि प्रश्न तथा सवालहरु राख्न पाईने छ ।

# आमभेला कार्यक्रममा प्रयोग भएका फारमहरु

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यक्रममा आधारित

## आम भेला वहस कार्यक्रम

**स्थानीय निकाय :- ......................**

यस स्थानीय निकाय नगरपालिका वा वडा कार्यालयमा समिति, पदाधिकारी तथा कर्मचारीहरुलाई तपाई केही सोध्न चाहनुहुन्छ ?

नाम :- ...................................................... ठेगाना :- ....................................................

सम्पर्क नं. :- ...............................................

प्रश्न :-

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

---


# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यक्रममा आधारित

## आम भेला वहस कार्यक्रम

**स्थानीय निकाय :- ......................**

यस स्थानीय निकाय नगरपालिका वा वडा कार्यालयमा समिति, पदाधिकारी तथा कर्मचारीहरुलाई तपाई केही सोध्न चाहनुहुन्छ ?

नाम :- ...................................................... ठेगाना :- ....................................................

सम्पर्क नं. :- ...............................................

प्रश्न :-

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यक्रमका विभिन्न भेलाहरुको उपस्थिति

# लैङ्गिक परीक्षण कार्यक्रममा आम भेलाका केहि झलकहरु



सन्धिखर्क नगरपालिका वडा नं. ४ र ५ को कार्यालय वाङ्लामा राजनितिक दल, वडा नागरिक मञ्च संयोजकहरु र उपभोक्ता समितिका प्रतिनिधिहरु एवं नागरिक समाजका अगुवाहरु संगको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अर्न्तक्रिया





सन्धिखर्क नगरपालिका वडा नं. ८ र ९ को कार्यालय फुदवाङ्मा राजनितिक दल, वडा नागरिक मञ्च संयोजकहरु र उपभोक्ता समितिका प्रतिनिधिहरु एवं नागरिक समाजका अगुवाहरु संग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अर्न्तक्रिया





सन्धिखर्क नगरपालिका वडा नं. ८ र ९ को कार्यालय फुदवाङ्मा राजनितिक दल, वडा नागरिक मञ्च संयोजकहरु र उपभोक्ता समितिका प्रतिनिधिहरु एवं नागरिक समाजका अगुवाहरु संगको अर्न्तक्रिया





सन्धिखर्क नगरपालिकाको कार्यालय सन्धिखर्कमा राजनितिक दल, वडा नागरिक मञ्च संयोजकहरु र उपभोक्ता समितिका प्रतिनिधिहरु एवं नागरिक समाजका अगुवाहरु सहित आमभेलामा सहजिकरण गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षक वाबुराम पौडेल

